**International Research Journal of MMC (IRJMMC)**
**ISSN 2717-4999 (Online) | 2717-4980 (Print)**
**Volume 6, Issue 4 │ September 2025**

# 'रातो वर्षा' कथामा सामाजिक वास्तविकता

## (Social Reality in *'Rato Barsha'* Story)

**माया अर्याल उपाध्याय (Maya Aryal Upadhyaya)**

**<u>Corresponding Author</u>**
Maya Aryal Upadhyaya
Email: upadhyayamaya217@gmail.com

**To Cite this article:** Aryal Upadhyaya, M. 'रातो वर्षा' कथामा सामाजिक वास्तविकता (Social Reality in 'Rato Barsha' Story). *International Research Journal of MMC, 6*(4), 23–30. https://doi.org/10.3126/irjmmc.v6i4.85233

**Submitted**: 25 July 2025 **Accepted:** 16 August 2025 **Published:** 30 September 2025

## अध्ययन सार

प्रस्तुत अध्ययन पत्रमा श्रेयज सुवेदीको बहुरूपी (२०८१) कथासङ्ग्रहमा सङ्ग्रहित 'रातो वर्षा' कथालाई कार्यस्थलका रूपमा लिएर यसमा अभिव्यक्त सामाजिक तथ्यहरूका कारण पात्रका जीवनमा देखिएका क्रियाकलापहरूको निरूपण गरिएको छ । सामाजिक तथ्य भनेको व्यक्तिभन्दा भिन्न स्थानमा रहेर समाज निर्माण तथा नियन्त्रण, परिवार निर्माण तथा नियन्त्रण गर्ने धार्मिक, शैक्षिक, सामूहिक मूल्यमान्यता स्थापित गर्ने, चेतना प्रवाह तथा समाजलाई सिलसिलाबद्ध रूपमा अगाडि बढाउने शक्ति हो । 'रातो वर्षा' कथामा आएका पात्रहरूका क्रियाकलाप, घटना र चिन्तन एवम् विचारधाराहरूसँग सँगै रहेर कथामा अवस्थित परिवेशगत अवस्था, भौगोलिक, सांस्कृतिक, प्राकृतिक तथा सामाजिक पहिचानको सूक्ष्म अध्ययन गरी तिनका आधारमा कथामा प्रयुक्त सामाजिक वास्तविकताको विश्लेषण गर्नु यस अध्ययनको मूल उद्देश्य रहेको छ । दुर्खिम (सन् १९८२) को आधारभूत मान्यतालाई सैद्धान्तिक ढाँचाका रूपमा अवलम्बन गरी गुणात्मक अध्ययन अन्तर्गत 'रातो वर्षा' कथाको पाठगत विश्लेषण गरिएको छ । यस क्रममा कथामा प्रयुक्त सामाजिक तथ्यको मूल्याङ्कनका निमित्त समाजमा यान्त्रिक र जैविक सङ्घीभाव सिर्जना गर्ने भौतिक सामाजिक र अभौतिक सामाजिक तथ्यका दुई ओटा उपकरणलाई विश्लेषणको मुख्य आधार बनाइएको छ । यस अध्ययनमा धर्ती र आकाशमा गरिएको पितृसत्तात्मक सामाजिक परम्परामा आधारित सामाजिक व्यवस्थाले गरेको लैङगिक विभेद तथा रूढिवादी मूल्यमान्यताले निम्त्याएका परिस्थितिहरूको खोजी गरिएको छ । 'रातो वर्षा' कथामा सामाजिक तथ्यहरूको प्रयोग गरेर कथाकारले सर्वहारा वर्ग अर्थात् नारीहरूलाई समान व्यवहार गर्नु एवम् न्याय दिनुको साटो अग्ला–अग्ना विभेदका पर्खालहरू खडा गरी उच्च वर्गले सर्वहारा वर्ग एवम् नारीहरूलाई विभेदयुक्त व्यवहार गर्दै विभेदजन्य व्यवहारलाई नै प्रश्रय दिएको तथ्य निष्कर्ष निकालिएको छ । यसै कारण श्रेयज सुवेदीको 'रातो वर्षा' कथाका सामाजिक तथ्यहरूले वर्तमान सन्दर्भमा समाजलाई एकीकृत र शक्तिशाली बनाउनुको साटो प्रभुत्वशाली वर्ग, पितृसत्तात्मक सामाजिक संरचनाले श्रमिक र नारीवर्गलाई गर्ने व्यवहारले नारी र श्रमिकहरू समाजमा सधैं शोषित हुन परेको यथार्थलाई जीवन्त एवम् संवेदनशील तरिकाले सम्प्रेषण गर्न सक्षम भएको देखिन्छ ।

**शब्दकुञ्जी:** अभौतिक सामाजिक तथ्य, मूल्याङ्कन, रहस्योद्घाटन, विश्लेषण, सङ्घीयभाव, श्रमिक



©2025 The Author(s).

**Abstract**
In the presented study letter, a multi-grandmother's multi-grandmother's multi-grandmother's multiplectic factors has been made by the characteristic of the character of the character. Social fact is the power to establish a society, developing and controlling and controlling, awareness, and the society that builds the society. Studying the activities of the characters in the story, the activities of the characters in the story, the activities of the characters in the story, and the locals are intended to establish the context of the global workplace. The basic recognition of the mutual beliefs of the Sixima (1982), under the qualitative study, the red-year-old is analyzed. In this process, two equipment from the analysis of physical social and unitary federations in the story of the Social Fact is to create a mechanical and unitary social fact in the society. This study has been searched for the situations that the strenologically discrimination and conservative values committed by the social traditions based on the sky and the sky in the sky. Using social facts in the *Rato Barsha* story using social facts, the narrator stood the proletariatly squares and women discriminals.

***Keywords:*** the immunity social facts, evaluation, revelation, analysis, workers.

## १. विषयपरिचय

प्रस्तुत अध्ययनको विषय श्रेयज सुवेदीको 'रातो वर्षा' कथामा सामाजिक तथ्यहरूको विश्लेषण र पात्रहरूको जीवनमा तिनले पारेका प्रभावहरूको मूल्याङ्कन रहेको छ । सामाजिक तथ्य भनेको व्यक्तिभन्दा अलग रहेर उसलाई प्रभाव पार्ने उसका क्रियाकलाप, चिन्तन, मननका तरिका हुन् । यस्ता तथ्यहरूमा व्यक्तिलाई सामाजिकीकरण गर्ने पक्षहरू पर्दछन् । समाजले व्यक्तिलाई एकीकृत गर्ने गर्दछ । प्रस्तुत कथामा वर्णनकर्ता र पात्रहरूका माध्यमबाट सामाजिक तथ्यहरू अभिव्यक्त भएका छन् । जसको प्रभाव व्यक्ति, परिवार, समाज, राष्ट्र हुँदै विश्वव्यापी रूपमा फैलिने गरी समाजशास्त्रीय अध्ययनलाई केन्द्रीत गर्न सकिन्छ । संसारलाई बुझ्ने अवस्थामा सामाजिक तथ्यले व्यक्तिका गतिविधिले भन्दा सामाजिक यथार्थले सुनिश्चित आकार दिइएको हुन्छ भन्ने मान्यता स्पष्ट पारेको हुन्छ । यसै मान्यतालाई अवलम्बन गर्दै श्रेयज सुवेदीको 'रातो वर्षा' कथामा अवस्थित सामाजिक वास्तविकताको व्यख्या तथा विश्लेषण फ्रान्सेली समाजशास्त्री इमाइल दुर्खिमद्वारा प्रतिपादित 'सामाजिक वास्तविकताको सिद्धान्त'मा टेकेर गरिएको छ ।

प्रस्तुत कथामा आकाश (स्वर्ग जाने ढोका अगाडिको भत्किएको छाप्राको दृश्य) र धर्तीको समाजमा पितृसत्तात्मक सामाजिक व्यवस्था र वर्ग विभेदका तथ्यलाई मानवीय मूल्यसँग जोडेर कलात्मक स्वरूप प्रदान गरिएको छ । 'रातो वर्षा' कथालाई भौतिक र अभौतिक सामाजिक तथ्यको प्रयोगबाट पठनयोग्य बनाइएको छ । 'रातो वर्षा' कथामा ढुङ्गेल लगायतका छिटफुट समीक्षत्मक टिप्पणी पाइए तापनि सामाजिक तथ्यका बारेका कुनै पनि प्राज्ञिक लेखन नभएको हुँदा उक्त कथामा सामाजिक तथ्य प्रयोग गरी त्यसका पात्रहरूको क्रियाकलाप, मूल्यको गति र दिशाको औचित्यका बारेमा हुनुपर्ने अध्ययन रिक्त देखिएको छ । अतः 'रातो वर्षा' कथामा सामाजिक तथ्यहरू कुन सन्दर्भमा प्रयुक्त छन् र तिनले धर्ती एवम् आकाशको समाजका मानवीय मूल्यमान्यतालाई कसरी उद्घाटन गरेका छन् भन्ने प्राज्ञिक जिज्ञासाको समाधानका निम्ति प्रस्तुत अध्ययनमा 'रातो वर्षा' कथामा अभिव्यञ्जित सामाजिक तथ्यका विभिन्न पक्ष पहिल्याई तिनका आधारमा पात्र, घटना र परिवेशको अन्तसम्बन्धबाट प्रस्तुत कथाको मूल्यङ्कन गर्ने उद्देश्य रहेको छ । श्रेयजका लेखनमा नयाँ परिवेश, नवीन स्वाद, नवीन विषयवस्तु, नवीन शैली एवम् नवीन ऊर्जा प्रस्फुन भएको पाइन्छ । जसका कारण पाठक वर्ग प्रस्तुत कृति पढ्न उत्साहित हुने देखिन्छ । पाठकहरूका हृदयमा गुम्सिएर रहेबसेका तीता–मिठा सम्झना, लुकेका चाहना, कसैसँग साझा नगर्ने गुम्फन अनि यावत् अनुभवहरू पुनः सम्झनामा आउँछन्, सिनेमाका दृश्यहरूजस्तै यसर्थ उनका कथाहरू पढ्दै जाँदा सिनेमा हलमा बसेर सिनेमा

हेरेको अनुभूत हुन्छ । मूलतः 'रातो वर्षा' पढ्दै गर्दा पनि यो कुरा महसुस गर्न सकिन्छ । यस्तो लाग्छ उनी साहित्यको क्षेत्रमा एक नवीन ढोका खोलेका छन् । नवीन यात्रा सुरु गरेर लेखनकलामा भर्खरै कलम चलाउन लागेकाहरूका लागि नवीन प्रेरणाको स्रोत पनि बनेका छन् ।

## २. अध्ययनविधि

प्रस्तुत अध्ययनमा श्रेयज सुवेदीको 'रातो वर्षा' कथामा प्रयुक्त आयाम र औचित्यको मूल्यङ्कन गर्ने निर्धारित उद्देश्यहरू पूरा गर्नका लागि पुस्तकालय कार्यबाट पाठात्मक विधि अपनाइ प्रस्तुत कथाका पात्रका सामाजिक गतिविधिको चित्रण, मूल्यमान्यताको व्यवहारिक नियन्त्रण, वातावरणीय प्रभाव, मानसिक अवस्थाको चित्रण लगायतका तथ्य र तथ्याङ्कलाई प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ । जसलाई विश्लेषण र मूल्याङ्कन गरी सामान्यीकृत निष्कर्षमा पुग्नका लागि द्वितीयक सामग्रीका रूपमा सैद्धान्तिक र प्रायोगिक समालोचनाका ग्रन्थहरूबाट आवश्यक सैद्धान्तिक सामग्री सङ्कलन गरिएको छ । उपर्युक्त दुवै प्रकारका सामग्रीहरूको समुचित प्रयोग गरी 'रातो वर्षा' कथामा भौतिक र अभौतिक सामाजिक तथ्यहरूको औचित्य उद्घाटन गर्नका लागि सामाजिक तथ्य विश्लेषणको ढाँचा तयार गरिएको छ । जसलाई पाठविश्लेषणबाट सामग्रीको समुचित प्रयोग गर्दै सुहाउँदो तरिकाबाट अघ्र्याउने कार्य गरिएको छ ।

### २.१ सैद्धान्तिक आधार

व्यक्ति व्यक्ति मिलेर परिवार र परिवार परिवार मिलेर समाज बन्दछ । समाजमा व्यक्तिलाई नियन्त्रण गर्नका लागि विभिन्न शक्तिहरूको वर्चस्व रहेको हुन्छ । समाजमा प्रचलित संस्कृति, मूल्यमान्यता, नीतिनियम आदिले सामूहिकता सिर्जना गर्छ र यसले व्यक्तिलाई नियन्त्रण पनि गर्दछ । यसलाई नियन्त्रण गर्नमा दृश्य (भौतिक) र अदृश्य (अभौतिक) शक्तिहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । फ्रान्सेली समाजशास्त्री इमाइल दुर्खिमले यस्ता शक्तिहरूको बारेमा विश्लेषण गरेर परिभाषित गर्ने कार्य गरेका छन् । उनले आफ्नो कृति द रुल्ज अफ सोसियोलजिकल मेथोड (१८९५) मा समाजशास्त्रको अवधारणा प्रस्तुत गर्दै भनेका छन्–सामाजिक तथ्य भनेका व्यक्तिको व्यवहारलाई निर्देशित गर्ने उक्त समाजको यर्थाथलाई निश्चित आकार प्रदान गर्ने स्वच्छन्द मूल्यमान्यता हुन् (दुर्खिम, सन् १९८२,पृ.५२) । जसले व्यक्तिभन्दा माथि रहेर व्यक्तिका हरेक क्रियाकलापलाई नियन्त्रण गरिरहेको हुन्छ । व्यक्ति सामाजिक मूल्यमान्यता, संस्कृति तथा सामाजिक नीतिनियमले बाँधिएको छ । सामाजिक तथ्यलाई दुर्खिमले व्यक्तिमाथि हुने सामाजिक क्रियाकलापको अध्ययनका लागि प्रयोग गर्दै समाजलाई एकतामा बाँध्ने र परिचालन गर्ने मूल्यमान्यताका आधारमा सामाजिक तथ्यलाई मानेका छन् (मलिक र मलिक, सन् २०२२, पृ.७) । व्यक्तिलाई परिचालन सामाजिक तथ्यले गर्दछ । ऊ समाजिक परम्पराले बाँधिएको हुन्छ । दुर्खिमले समाजमा सामाजिक एकताको स्वरूप यान्त्रिक एकताबाट जैविक सामाजिक परिवर्तनशील रहन्छ भन्ने मान्यता सहित सामाजिक एकतालाई दुई प्रकारमा विभाजन गरेका छन्– (१) यान्त्रिक सामाजिक वास्तविकता र (२) जैविक सामाजिक वास्तविकता (धोंडीबा, २०२२, पृ.१) । समाजका हितका लागि व्यक्तिले आफ्ना इच्छाहरूको त्याग गरेको हुन्छ । दुर्खिमले गरेको सामाजिक तथ्यको विश्लेषणलाई आधार बनाउदा निम्न चार विशेषताहरू रहेका छन् १) बाह्य , २) दबाबमूलक र नियन्त्रणकारी, ३) सार्वभौमिक र ४) वस्तुनिष्ठ (नागल, २००२, पृ.२३) आदि । बाहिर रहेको सामाजिक तथ्यले व्यक्तिको विचारमा प्रभाव पार्छ । जसको असर भित्र महसुस हुन्छ । व्यक्ति धर्म, तथा संस्कारका नाममा समाजमा बाँधिएको हुन्छ । त्यसको असर भौतिक अर्थात् वस्तुनिष्ठ हुने गर्छ । सामाजिक तथ्य भनेको व्यक्तिभन्दा बाहिर रहेर समाजलाई निर्माण एवम् नियन्त्रण गर्ने परिवार, धर्म, शिक्षा, सामूहिक मूल्य, सामाजिक प्रवाह, चेतना आदिको समष्टि शक्ति हो (एटम, २०२५, पृ.४) । सामाजिक तथ्यले व्यक्तिलाई संस्कारगत

तरिकाबाट प्रभावित बनाएको हुन्छ । यसले व्यक्तिलाई दृश्य र अदृश्य रूपमा शासन गरिरहेको हुन्छ । साहित्यको समाजशास्त्रको मुख्य प्रवृत्ति समग्रतावादी हो (पाण्डेय, २०२३, पृ.१३) । साहित्यको समाजशास्त्रको प्रवृत्तिलाई हेर्दा पनि व्यक्तिवादी नरहेर यो समग्र पक्षलाई समेट्ने खालको हुन्छ । समाजशास्त्रले मानवीय आचार–व्यवहारको समग्र क्रियाकलापको अध्ययन गर्छ (घिमिरे,२०२२,पृ.१०१) । समाजशास्त्रले समग्र मानव व्यवहारको अध्ययन गर्दछ । व्यक्ति, परिवार, समाज, राष्ट्र हुँदै सामाजिक तथ्यहरूको प्रभाव सर्वत्र फैलिएको हुन्छ । इमाइल दुर्खिमका अनुसार विषयकेन्द्री आधारमा सामाजिक तथ्यहरू भौतिक (फिजिकल) र अभौतिक (इमटिरियल) गरी दुई रूपमा रहन्छन् (दुर्खिम, उद्धृतः एटम, १९८२,पृ. १६१) । भौतिक सामाजिक तथ्य भनेका समाजको संरचना र संस्थाहरूमा देखिने विशिष्टता हुन् जो स्थापत्यका शैली, कानुनी प्रणाली, अर्थतन्त्र, मन्दिर र धार्मिक पक्षहरू, शिक्षण संस्थाहरू आदिका रूपमा रहन्छन् । यिनको उपस्थिति वस्तुगत रूपमा हुन्छ र यिनलाई प्रत्यक्ष रूपमा अवलोकन गर्न सकिन्छ । अभौतिक सामाजिक तथ्य भनेका प्रत्यक्ष यथार्थका रूपमा प्रकट नहुने तर मान्छको व्यवहार, कार्य र चिन्तनलाई नियन्त्रण गर्ने सामूहिक चेतनाका पक्ष हुन् जसमा सामाजिक नियम, नैतिक मूल्य, सामाजिक तथ्यको भूमिका अधिक हुन्छ र यसका अत्याधिक दबाबका कारण व्यक्तिले आत्महत्या गर्ने सम्भावनासमेत रहन्छ (दुर्खिम, उद्धृतः एटम, १९५१, पृ.४८) । यसरी हेर्दा पनि सामाजिक तथ्यको प्रभाव व्यक्तिका हरेक क्रियाकलापमा पर्दछ । दुर्खिमले समाजको अध्ययनका लागि व्यक्तिलाई महत्त्व दिने पूर्ववर्ती परम्परा त्यागी समाजशास्त्रको अध्ययन क्षेत्र व्यक्ति नभई समाज हो भन्ने कुरो पहिलोपटक स्पष्ट पारेका छन् (खतिवडा, २०२२,पृ.२०) । यस प्रकार दुर्खिमले समाजिक परम्परागत मान्यतालाई भत्काउँदै समाज अध्ययनको नवीन मान्यताको व्याख्या तथा विश्लेषण गरी साहित्यको समाजशास्त्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफल भएका छन् । सामाजिक तथ्यको उपर्युक्त सैद्धान्तिक आधारमा प्रस्तुत अध्ययनमा श्रेयज सुवेदीको ‘रातो वर्षा’ कथामा सामाजिक तथ्य र तिनले खेलेको भूमिकाको निरूपणका निम्ति १) भौतिक सामाजिक तथ्य र २) अभौतिक सामाजिक तथ्य गरी दुई प्रकारका सैद्धान्तिक ढाँचा तयार पारिएको छ । प्रस्तुत अध्ययनमा यिनै दुई पक्षमा केन्द्रित रही यान्त्रिक (मेकानिकल) र जैविक (अग्र्यानिक) एकताका रूपमा सामाजिक तथ्यहरूको भूमिका देखाउदै ‘रातो वर्षा’ कथामा अभिव्यञ्जित विशिष्टताको विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

## ३. विमर्श र परिणाम

श्रेयज सुवेदीको ‘रातो वर्षा’ कथामा धर्ती र आकाशमा नारीलाई गरिने शोषणजन्य कार्यको वास्तविक चित्रण गरिएकाले यसमा सामाजिक तथ्यहरूको गहन रहस्योद्घाटन भएको छ । यसमा आएको आकाशका नारी पात्रहरू नारी भएकै कारण शोषणमा परेका छन् । उनीहरूका लागि भौतिक सामाजिक तथ्यका रूपमा मृत्युपछि स्वर्ग जान पाइन्छ भनेर परिवारले दिएको ठेगानामा भत्किएको छाप्रो छ, अग्ला–अग्ला पर्खाल छन्, धर्तीमा छाउगोठ लगायतका उनीहरूलाई सम्पूर्ण अधिकारबाट वञ्चित गरिएको छ । त्यसैले उनीहरू शारीरिक तथा मानसिक रूपमा पीडित भएका छन् । अतः ‘रातो वर्षा’ कथामा समाजिक तथ्यहरूबाट आकाशको स्वर्ग जाने ढोका अगाडिका महिलाहरूको समूहले भोगेको यथार्थ देखाउनुका साथै त्यस समूहले भोगेको विभेदको पर्खाल देखाइएको छ । त्यसैले प्रयुक्त कथामा सामाजिक तथ्यका भौतिक र अभौतिक प्रकरणगत विभाजनबाट ‘रातो वर्षा’ कथामा अभिव्यञ्जित सामाजिक तथ्यसम्बन्धी तथ्याङ्कहरूलाई केन्द्रमा राखेर बुँदागत विमर्श गरी निष्कर्षमा पुगिएको छ ।

### ३.१ भौतिक सामाजिक तथ्य

दुर्खिमका अनुसार सामाजिक वास्तविकतालाई भौतिक सामाजिक वास्तविकता र अभौतिक सामाजिक वास्तविकता गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । भौतिक सामाजिक वास्तविकता अन्तर्गत मूर्त सामाजिक

संरचनाहरू पर्दछन् । जस्तैः नातासम्बन्ध, कानुन प्रणाली, अर्थतन्त्र,मन्दिर, गुम्बा, चर्च, मस्जिद, राज्य, शैक्षिक संस्था, सञ्चारका साधन, शहरीकरण, जनसंख्याको वितरण आदि यसै वर्गमा पर्दछन् । यिनीहरूले समाजमा सामूहिक भावना र श्रमविभाजनमार्फत् एकीकृत शक्तिको भूमिका खेलेका हुन्छन् । दुर्खिमका अनुसार यान्त्रिक र जैविक दुई ऐक्यबद्धताले समाज निर्माणको काम गरका हुन्छन् । जसमा यान्त्रिक ऐक्यबद्धता अन्तर्गत नातासम्बन्ध, धर्म, आदर्श र सामूहिक भावना आदि परम्परागत धारणबाट समाज एकिकृत हुन्छ भने यस्तो समाजमा व्यक्तिले सामूहिक हितका लागि आफ्ना आकांक्षाको बलिदान गरेको हुन्छ । जैविक ऐक्यवद्धतामा चाहिँ श्रमविभाजनका कारण एकअर्कामा आश्रित भई समाजका सदस्यहरूबिच आवश्यकता, उत्पादनको सीमितता र सिपमा निर्भरताका कारण त्यो सामूहिक भावनाले बाँधिएको हुन्छ । 'रातो वर्षा' कथामा आएको समाज धर्ती र स्वर्गको ढोका अगाडिको हो । जसको भौतिक तथ्यको परिचय (स्वैरकाल्पनिक) स्थापत्य संरचनाका आधारमा पाउन सकिन्छ: "जहाँ पाप्रा उप्किएका छाप्राहरू छन् । दुःख अढेस लागेका अढेस चाहिने भित्ताहरू छन् ।...केही सय सङ्ख्यामा महिलाहरू छन्" (पृ.७५) । यस सन्दर्भमा आएका "छाप्रा"हरू र "भित्ता"हरू स्थापत्य संरचना हुन् जसले गाउँले जीवनशैली अर्थात् 'रातो वर्षा' कथामा आएको स्वर्ग पस्ने ढोकाभन्दा अगाडिको जीवनशैली (बस्ती)लाई सङ्केत गरेका छन् । त्यस्तै पिँढीको खामो छेउ उभिएकी दिदीले उक्त छाप्राको वर्णन यसरी गरेकी छन्ः

> भित्र आनन्दको जिन्दगी होला । हाम्रो खप्पराँ चुइने छानो । छानोमा छिद्रहरू छन् । अर्को वर्षासम्म टालेन भने चियाछान्ने जस्तै देखिन सक्छ । कोठाभित्र रातभर पानी थापेर थाकेका भाँडाहरू असरल्ल छन् । छछल्किएको पानीले भुइँ ओसिलो देखिन्छ । छाप्रोमा हावा बिराले बनेर छिर्नुपर्ने, दुई साना झ्याल छन्, जहाँबाट उज्यालो मन नलागी नलागी जागिर खान आउछ (पृ.७५) ।

उपर्युक्त विवरणले स्वर्ग पस्ने ढोकाभन्दा बाहिरको एउटा छाप्रोको चित्र प्रस्तुत गरेको देखिन्छ । जसले स्वर्ग पस्ने ढोका अगाडिको भौतिक संरचना र त्यसको वास्तविक स्थितिको परिचय दिइएको पाइन्छ । जहा मृत्युपछि स्वर्ग जान हिँडेकी एकजना दिदी र सय जना जतिको सङ्ख्यामा महिला पात्रहरू श्रमका कारण एकीकृत भएका छन् । यसमा काम गर्ने दिदीलाई छाप्रा भित्रबाट कसैले बोलाएर छाप्राभित्र पस्दा आएको प्रसङ्गमा अइया अलछिछना पुर्पुरो । यै ढोकासँग मित लगाइर'न पर्नी । ढोका अग्लो मान्छेलाई होचो बनाउने खालको छ, जसले भित्रबाहिर गर्ने टाउकोहरूसँग मित लगाइरहन्छ । टुटुल्काहरू दिइरहन्छ । सत्तोसराप लिइरहन्छ (पृ.७६) । प्रस्तुत कथांशमा आएको विवरण छाप्रोमा पस्ने ढोकाको हो । जसले छाप्रोभित्र पस्ने कष्टकर अवस्था बुझाउँछ । उक्त ढोका निकै होचो छ, त्यसलाई व्यङ्ग्यात्मक तरिकाले भन्दा अग्ला मान्छेहरूलाई होचो बनाउने खालको छ भन्ने प्रतिविम्बका रूपमा प्रयोग गरेको देखिन्छ । भित्रबाहिर टाउकाहरूसँग मित लगाउछ । टुटुल्काहरू दिइरहन्छ र सत्तोसराप लिइरहन्छ जस्ता कथ्यले कथालाई बुलन्द बनाएको पाइन्छ ।

चारजना आएका मान्छेहरू पिँढीमा बसेर स्थापित संरचनाको चित्रण गर्दै भन्छन्; चारजना आँगनमा आउँछन् । पिँढीमा बस्छन् । स्वर्गको ढोकातिर हेर्छन् । एक–अर्कालाई हेर्छन् । एक–अर्काको नानीमा बन्दढोका देख्छन् । ढोकाको ताल्चाले थुप्रै आँखाहरूमा वर्षौंदेखि साँचो लगाइरहेको छ तर मुखमा कुनै चाबीसाबी छैन (पृ.७६) । उपर्युक्त प्रसङ्गले चारजना आँगनमा आएर पिँढीमा बसेका मान्छेहरू पनि स्वर्ग जान नपाएर निराश देखिन्छन् । स्वर्ग जाने ढोका बन्द भए पनि खाने मुख बन्द नभएको र यसैका लागि श्रम गरिरहन परेको दुखेसो व्यक्त गरेका छन् । विभेदमूलक सत्तामा आधारित भौतिक सामाजिक तथ्यको वर्णन प्रस्तुत सन्दर्भमा फरक ठाउँका मान्छेलाई अर्थात् स्वर्गको ढोका अगाडि झाप्रोमा बसेका मान्छेलाई एकीकृत गर्ने सामाजिक शक्तिका रूपमा मानवीय सम्बन्धले महत्त्वपूर्ण भूमिका खेलेको छ किनभने झाप्रो अगाडि आएका चारजना मान्छे पनि स्वर्गको ढोका खुल्ने बाटो हेरेर बसेको पीडादायक स्थिति यसमा आएको छ । यस प्रकारको विभेदपूर्ण संस्कारको पुष्टि गर्दै स्वर्गको ढोका अगाडि बसेका मान्छेहरूले भनेका छन्ः

पर्खालभित्र स्वर्ग छ भन्छन् । कसैले देखेका छैनन् । झुक्किएर अर्को जुनीको टिकट लाग्यो भने स्वर्ग हेर्न फेरी मर्नैपर्ने हुन्छ । छाप्रोमाथि चढेर पारि हेर्ने कोसिस नगरेका पनि हैनन् ।...विभेदको पर्खाल आकारमाथि पनि हुँदा रहेछन् । ...यी कुराहरू आकाशले धर्तीबाटै सिकेको होला (पृ.७९) ।

विभेदको पर्खाललाई नभत्काइ यसको अन्त्य हुन सक्दैन । विभेदगर्ने परिपाटी त धर्तीमा मात्रै नभएर आकाश अर्थात् स्वर्गमा पनि हुँदोरहेछ । यस्तो विभेद गर्ने परम्परा आकाशले धर्तीबाट नै सिकेर आएको होला भन्ने व्यङ्ग्यात्मक यथार्थ कथांशमा अभिव्यक्त भएको पाइन्छ । विभेद गर्ने क्रममा न धर्ती न आकाश यो त जहा पनि उस्तै रैछ । धर्तीका मान्छेहरूले मरेपछि स्वर्ग जान्छु भन्ने भ्रम पनि नराखे हुन्छ भन्ने भाव प्रस्तुत कथांशमा मुखरित भएको पाइन्छ । विभेदको कुनै विशेष कारण नहुनु, विभेदले धर्ती र स्वर्ग नभन्नु, जहा विभेद त धर्तीमा मात्रै नहुँदो रहेछ यो त आकाशमा पनि हुँदोरहेछ । सायद आकाशले विभेद गर्न धर्तीबाटै सिकेर आएको होला भन्ने सन्दर्भले विभेदजन्य परिवेशको सिर्जना गरेको पक्षलाई अभिव्यक्त गरेको छ ।

'रातो वर्षा' कथामा प्रयुक्त भौतिक सामाजिक तथ्यहरूको विश्लेषणबाट के निष्कर्ष प्राप्त हुन्छ भने धर्ती र आकाश अर्थात् स्वर्गको ढोका अगाडिका स्थापत्य संरचनाहरूको व्यवस्था भिन्न–भिन्न भए पनि धर्तीका मान्छेले भोग्नु परेका विभेद र उत्पीडन स्वर्गको ढोका अगाडि बसेका मान्छेले पनि भोग्नु परेको छ । मानिस मृत्युपछि स्वगमा जान्छ भनिए पनि धर्म, संस्कार तथा श्रमका कारण एकीकृत समाजमा श्रेणीकरणका कारण मानवीय संवेदना सम्बन्धीको भाव भने हराउँदै गएको सामाजिक तथ्य प्रस्तुत कथाले उठान गरेको छ । साथै भौतिक सामाजिक वास्तविक तथ्यका आधारले कथा सशक्त रूपमा प्रस्तुत भएको छ ।

### ३.२ अभौतिक सामाजिक तथ्य

भौतिक अस्तित्वमा नदेखिने तर समाजमा रहेका आर्दश, मूल्यमान्यता, परम्परा, सांस्कृतिक चिन्तन, अन्धविश्वास आदि अभौतिक सामाजिक वास्तविकता अन्तर्गत पर्दछन् । अभौतिक सामाजिक वास्तविकताले बाह्य रूपमा बसेर व्यक्तिमा अभिरुचि र भय सिर्जना गर्ने, व्यक्तिको स्वतन्त्रतामाथि हस्तक्षेप गर्ने, नियम पालनाका लागि सामाजिक नैतिक दबाब दिने गर्दछ । गल्ती गरेको मान्छे कानुनबाट बचे पनि आत्मग्लानिले व्यक्ति स्वयम् दण्डित हुनु अभौतिक सामाजिक वास्तविकता हो । जसले अदृश्य रहेर पनि व्यक्तिलाई शासन गरिरहको हुन्छ । श्रयज सवेदीको "बहुरूपी कथासङ्ग्रह"मा अवस्थित 'रातो वर्षा' कथामा धर्ती र स्वर्गको ढोका अगाडिको जनजीवनमा अभौतिक सामाजिक वास्तविकता सशक्त रूपमा रहेको पाइन्छ । प्रस्तुत कथामा अभौतिक सामाजिक तथ्यको रूपमा सयौं महिलाहरूको समूह, आँगनमा बसेकी दिदी, चारजना पिँढीमा बसेका मान्छेहरू, बुहारी नानी, घरपरिवार तथा स्वर्गको ढोका अगाडिका मूल्य र धर्तीका मूल्य मान्यताहरू प्रमुख रूपमा आउछन् । छोरी त अर्काको घरमा जाने जात हो । छोरीलाई सानैमा विवाह गरिदिनुपर्छ भन्ने परम्परागत सामाजिक मान्यता अभौतिक सामाजिक वास्तविकता हो । महिनावारी भएको बेला घरमा राख्नु हुँदैन, पुरुषको मुख देख्न हुँदैन, कसैलाई छुनु हुँदैन भन्ने परम्परागत मान्यता अभौतिक सामाजिक वास्तविकता अन्तर्गत पर्दछन् । जुन परम्परागत मान्यता 'रातो वर्षा' कथामा सशक्त रूपमा मुखरित भएको पाइन्छ । यस्तो खालको मान्यताका कारण 'रातो वर्षा' कथामा महिनावारी हुँदा छाउगोठमा राखिएकी नवविवाहित बालिकाले ज्यान गुमाउनु परेको छ । जसलाई तलको कथांशबाट प्रस्ट पार्न सकिन्छ:

अन्माएर आउदै गर्दा बाटोमै छुई भइन् । दुल्हन भित्र्याउने जिम्मा छाउगोठको भयो । बिहा गरेर आएको घरलाई निहालेर हेर्नै पाइनन् । लोग्नेको अनसहारको कोठी गन्नै पाइनन् । लासले दैलो टेक्न पनि पाएन

।...उनी यहाँ आउदा चौध वर्षकी थिइन्  ।...डराएकी । आत्तिएकी ।...मर्नुको अर्थनै थाहा नभएकी (पृ.७८) ।

प्रस्तुत कथांशमा सामाजिक परम्परागत मान्यताले निम्त्याएका घटनालाई देख्न सकिन्छ । सामाजिकमा कथित पितृसत्तात्मक मान्यताले निम्त्याएको घटना प्रस्ट रूपमा देखिएको छ । महिनावरी भएको बेला घरमा राख्न नहुने, पुरुषको मुख देख्न नहुने र कसैलाई छुन नहुने रूढीवादी परम्परागत मान्यताका अनुसार निर्दोश बालीकाले अमूल्य जीवन गुमाउनु परेको घटनालाई अभौतिक सामाजिक वास्तविक तथ्यका रूपमा लिइएको छ ।

त्यसैगरी मरेपछि स्वर्ग पुग्न पाइन्छ भन्ने अन्धविश्वास अभौतिक सामाजिक वास्तविकता हो । यहाँ–थाहै नपाइ परिवारले ठेगानामा स्वर्ग भनिदिन्छ (पृ.७९) । यस्तो खालको अन्धविश्वास र यस्ता अन्धविश्वासले निम्त्याएका घटना अभौतिक सामाजिक वास्तविकता अन्तर्गत पर्दछन् । सुख त कल्पनामा मात्रै सीमित हुन्छ । दुःख वास्तविक हुन्छ । दुःख आफैँसँग हुन्छ भन्ने मान्यता अभौतिक सामाजिक वास्तविकता हो । यस कुरालाई पुष्टि गर्न प्रस्तुत कथांश उपर्युक्त देखिन्छ: मरेर पनि सुख नपाउँदाको दुःख आफैँसँग छ (पृ.७९) । परम्परागत समाजमा अवस्थित परम्परागत मान्यताले निम्त्याएको अभौतिक सामाजिक वास्तविकताबाट व्यक्ति उम्कन सक्दैन । व्यक्ति स्वयम् सामाजिक परम्परागत मूल्यमान्यताले बाँधीएको छ । समाजका लागि व्यक्तिले आफ्नो स्वतन्त्रताको बलिदान दिनुपर्छ अनि मात्रै व्यक्ति सामाजिक बन्न सक्छ ।

## ४. निष्कर्ष

प्रस्तुत अध्ययनमा श्रेयज सुवेदीको ‘रातो वर्षा’ कथामा प्रयुक्त सामाजिक तथ्यका विभिन्न अवयवहरूलाई पात्र र परिवेशसँग अन्तरसम्बन्धित गरेर मूल्याङ्कन गरिएको छ । कथामा अवस्थित सामाजिक तथ्यहरूले क्रियाकलाप, समवेदना तथा स्थानिकतालाई यथार्थ चित्रण गर्दै कथाको अन्तरवस्तुलाई अर्थ प्रदान गरेका छन् । ‘रातो वर्षा’ कथामा प्रयुक्त भौतिक र अभौतिक सामाजिक तथ्यहरू प्रत्यक्ष स्वर्ग पस्ने ढोका अगाडिका जनता र स्मृतिका रूपमा धर्तीको विद्यमान अवस्थाका विभेदजन्य परिस्थितिहरू समावेश भएका छन् । भौतिक सामाजिक संरचनाका रूपमा रहेका स्वर्ग पस्ने ढोका अगाडिका दृश्यहरू जस्तैः भत्किएको छाप्रो, अग्लो पर्खाल, होचो ढोका, छाउगोठ, भत्किएको छाप्रामा अवस्थित जनताहरू, त्यस ठाउँमा नारीहरूप्रति भएको विभेदजन्य अवस्था तथा लैङ्गिक शोषण लगायतका अवस्थाहरू देखा परेका छन् । उक्त विभेदजन्य व्यवहारलाई त्यहाँका नारी पात्रहरूले धर्तीमा विद्ययमान विभेदजन्य व्यवहारसँग तुलना गरेका छन् । अभौतिक सामाजिक तथ्यका रूपमा रहेका संस्कारजन्य क्रियाकलाप, पितृसत्तात्मक सामाजिक परम्पराले भित्र्याएका परम्परागत मूल्यमान्यता जसका कारणले व्यक्तिले भोग्नु परेको मानसिक कठिनाइहरू हेर्दा धर्ती र स्वर्ग पस्ने ढोका अगाडिको छाप्राको अवस्था दुवैतिरका नारीहरू तथा सीमान्त वर्गलाई उत्पीडनमा पारेर मानसिक यातना दिने कार्यमा महत्त्वपूर्ण भुमिका रहेको देखिन्छ । यसले गर्दा इमाइल दुर्खिमले भने बमोजिम मानवीय संवेदना र श्रमविभाजन कुनै तरिकाले पनि एकीकृत हुन सकेको छैन । धर्तीमा श्रमशोषण, लैङ्गिक विभेद, रूढिवादी परम्परातग मान्यता भोगेर आजित भएका नारी पात्रहरूले मृत्युपछि स्वर्ग जान पाइन्छ भन्ने खोक्रो आशले स्वर्ग पस्ने ढोका अगाडिको भत्किएको छाप्रोमा बसेर कष्टकर जीवन भोगिरहँदा धर्ती र आकाशमा विभेद र श्रमशोषण गर्ने तरिका उस्तै रहेको देखाइएको छ । जसबाट धर्ती होस् वा स्वर्ग विभेदक र श्रम शोषणको तरिका एकै रहेको देखिएको छ । यसबाट उपर्युक्त समाजमा यान्त्रिक र जैविक सङ्घीभाव स्थापनाका निम्ति नारी पुरुष नभई नारी र श्रमिक वर्गले समाजप्रति गरेको समर्पण र तिनको मौनता एवम् सहनशीलताको योगदान रहेको स्पष्ट हुन्छ । यसर्थ ‘रातो वर्षा’ कथामा सामाजिक तथ्यहरूको प्रयोग गरेर नारीहरूलाई समान व्यवहार गर्नु एवम् न्याय दिनुको साटो अग्ला–अग्ना विभेदका पर्खालहरू खडा गरी उच्च वर्गले

सर्वहारा वर्ग एवम् नारीहरूलाई विभेदयुक्त व्यवहार गर्दै विभेदजन्य व्यवहारलाई नै प्रश्रय दिएको तथ्य निष्कर्ष निकालिएको छ।

## सन्दर्भसामग्री


१. एटम, नेत्र (सन् २०२५).तीन बराबर पाँच कथामा सामाजिक तथ्य. कलादर्पण, ५ (१), पृ.१३–२३।

२. खतिवडा, विश्वराज (सन् २०२२).नासो कथामा सामाजिक वास्तविकता. अभिज्ञान,९ (१२–१४), पृ.२०–३६।

३. घिमिरे, मुकुन्द (सन् २०२२).सैद्धान्तिक समाजशास्त्रीय पद्धतिः सैद्धान्तिक परिचर्चा. koshi pravah. पृ.१०१–११०।

४. ढुङ्गेल,प्रवीण (२०२२). sahiyapost.com/new.

५. सुवेदी, श्रेयज (२०८१). बहुरूपी. काठमाडौँः शिखा बकहिल पब्लिकेशन प्रा.लि.।

६. दुर्खिम, इमाइल (१९८२).द रुल्ज अफ सोसियोलोजिकल मेथोड (अनु). डब्लु. डी. हाल्स (सेकेन्ड इडि). न्यू योर्कः द फ्री प्रेस।

७. धोंडीबा, राजा (सन् २०२२). ईमायल दुर्खीम का सामाजिक एकता का सिद्धांत. International journal of creative research thoughts, 10, pp 189-194.

८. नागला, बी.के. (२००२).समाजशास्त्र: एक परिचय. पञ्चकुल्लाः हरियाणा साहित्य अकादमी।

९. पाण्डेय, मैनेजर (२०२३).साहित्य और समाजशास्त्रीय दृष्टि. (ते.सं).पंचकूलाः आधार प्रकाशन प्राइवेट लिमिटेड।

१०. मलिक, हुमा अख्तर र मलिक, फिजाना अस्राफ (२०२२).इमाइल दुर्खिम कन्ट्रिब्युसन टू सोसियोलजी. इन्टरनेसनल जर्नल अफ अक्याडमिक मल्टिडिसिप्लिनरी रिसर्च. ६ (२). पृ.७।